# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, मार्ग ६ गते २०१७ साल

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

आर्थिक ऐन, २०१६ को दफा २ को खण्ड (ग) मा परिभाषा गरिएको पारिश्रमिक शब्द भित्र समावेश भएको जिन्सीमा पाएको घर तथा सवारी सुविधा र कमिशनको मूल्यांकन गर्दा देहाय बमोजिम गर्ने गराउने श्री ५ को सरकारले मिति ०१७।५।१ मा निर्णय गरेको छ।

(क) बसोबास गर्न घर पाउने कर्मचारीहरूको पारिश्रमिकको जिन्सीमा पाएको घर सुविधालाई नगदीमा अंक कायम गर्दा, र

(ख) सवारी बाहन सुविधा पाउने कर्मचारीहरूको सवारी सुविधाको अंक कायम गर्दा, शुरू तलबको सयकडा १० (दश) अंक कायम गरी पारिश्रमिकको अंक कायम गर्नु गराउनु पर्छ।

(ग) व्यापारीहरूले आफ्नो एजेन्ट तथा गुमस्ताहरूलाई दिइने कमिशन समेत पारिश्रमिकको मूल्यांकन गर्दा, समावेश गरी हिसाब गर्नु गराउनु पर्छ।

आज्ञाले
विश्व शंकर शुक्ल
५ को सरकारका सचिव,
अर्थमन्त्रालय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

450

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।